राष्ट्रिय साप्ताहिक
# जनजिब्रो
Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्जन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञानवर्द्धक सामग्रीका लागि
newskoseli.com
सबैतिरबाट, सबैका लागि

वर्ष– ३२, अङ्क– १, साउन ८ गते शुक्रबार, २०८३ (24 July, 2026) | www.janajibro.com | मूल्य रू. १०।-

# भारतमा 'कक्रोच आन्दोलन'

## प्रश्नपत्र चुहावटविरूद्धको माग, प्रधानन्यायाधीशको अभिव्यक्ति 'ट्रिगर'

■ एजेन्सीहरूको सूचनामा आधारित



**काठमाडौं।** सञ्जालीय युवाहरूले नेतृत्व गरेको 'कक्रोच जनता पार्टी' का हजारौं समर्थकहरु प्रहरीले अनुमति नदिँदानदिँदै सोमबार नयाँदिल्लीमा भेला भएर भारतीय संसद भवनतर्फ 'मार्च' गरे।

मेडिकल कलेजमा भर्नाका निम्ति लिइएको प्रवेश परीक्षा र सरकारी सेवाको परीक्षा अर्थात् भारतीय लोकसेवाको प्रश्नपत्र चुहावट भएको विरोधमा 'आन्दोलन' भन्ने बहाना गरिएको भए तापनि गतवर्ष नेपालमा गराइएको 'जेनजी' विध्वंसकै शैलीमा, अन्तर्राष्ट्रिय आपराधिक गुरुयोजनाअनुसार नै उनीहरुले प्रदर्शन र हिंसात्मक गतिविधि बढाउँदै लगेको स्वतन्त्र पर्यवेक्षक-हरूको ठहर छ। सार्वजनिक रूपमा देखिने र सुनिने गरी शिक्षामन्त्री धर्मेन्द्र प्रधानको राजीनामा माग गर्दै उनीहरु राजधानीको जन्तरमन्तर क्षेत्रमा भीड लागेपछि ठूलो संख्यामा प्रहरी परिचालन गरियो। संसदभवन आसपास सुरक्षा व्यवस्था समेत कडा पारियो। प्रदर्शनकारीहरूले अघि बढ्ने प्रयास गरेमा झडप हुन सक्ने भन्दै तुरुन्त तितरबितर हुन प्रहरीले लाउडस्पीकरमार्फत उनीहरूलाई आग्रह गरेको थियो। प्रदर्शनमा विद्यार्थी, विभिन्न पेशाका व्यक्तिहरु तथा परिवारसहितका सर्वसाधारण समेत सहभागी भए। उनीहरूले भारतीय झण्डा. बोकेर शिक्षामन्त्री प्रधान र प्रधानमन्त्री नरेन्द्र मोदीविरुद्ध नाराबाजी गरे।

गत मे महिनामा भारतीय सर्वोच्च अदालतका प्रधान न्यायाधीशले एक मुद्दाको सुनुवाइका क्रममा केही बेरोजगार युवालाई 'कक्रोच' (साङ्ला) को संज्ञा दिएको भनिएको घटनालाई नै 'ट्रिगर प्वाइन्ट' का रूपमा लिएर सामाजिक सञ्जालमै

क्रमशः अन्तिम पृष्ठमा

# ४४औं बीपी स्मृति दिवस :

## महाधिवेशन निष्पक्ष हुनुपर्ने इतरपक्षको धारणा

**काठमाडौं।** नेपाली कांग्रेसका नेताहरूले पार्टीका संस्थापक एवं मुलुकका प्रथम जननिर्वाचित प्रधानमन्त्री जननायक बीपी कोइरालाका आदर्श, प्रजातान्त्रिक समाजवाद र प्रजातन्त्रप्रतिको निष्ठा अहिले पनि सबैका लागि प्रेरणा भएको बताए छन्।

कोइरालाको ४४औं स्मृति दिवसका अवसरमा कांग्रेसको नियमित महाधिवेशन पक्षधरले बुधबार आयोजना गरेको कार्यक्रममा बोल्दै बीपीले प्रजातन्त्रका लागि जीवन जोखिममा राखेर गरेको संघर्षलाई कसैले पनि बिर्सनु नहुने धारणा नेताहरूले व्यक्त गरेका हुन्। टंकप्रसाद आचार्यलाई मानार्थ सभापति र बीपी कोइरालालाई कार्यकारी सभापति बनाएर २ फागुन, २००३ (वि.सं.) मा नेपाली राष्ट्रिय कांग्रेस स्थापना भएको थियो। १७ पुस, २००५ मा सुवर्णशमशेरको सक्रियतामा फेरि महेन्द्रविक्रम शाहको अध्यक्षतामा प्रजातन्त्र कांग्रेस गठन भयो। ती दुई दल २७ पुस, २००६ मा एकीकृत भएर बनेको नेपाली कांग्रेसका नेता हुन् बीपी कोइराला।

तर, बुधबार बीपीको ४४औं स्मृति दिवस मनाउँदासम्म कांग्रेस संस्थापन र असन्तुष्ट पक्षले अलग-अलग कार्यक्रम गरेर कांग्रेस एकता होइन, विभाजनतर्फ उन्मुख भएको प्रष्ट देखाएका छन्। यसपटक कांग्रेसको असन्तुष्ट (देउवा) पक्षले कमलादीस्थित प्रज्ञा-प्रतिष्ठानमा कार्यक्रममा गरेको छ भने सभापति गगन थापा नेतृत्वको संस्थापन पक्षले भने बीपी स्मृति दिवसमा बेग्लै दुईदिने कार्यक्रम गरेको छ। कांग्रेसको विशेष महाधिवेशनपछि सुरु भएको आन्तरिक शक्तिसंघर्ष ६ महिना बित्दा समेत टुंगोमा पुग्न सकेको छैन। विवाद बढ्दै जाँदा पूर्वसभापति शेरबहादुर देउवा र पूर्वकार्यवाहक सभापति पूर्णबहादुर खड्का समूहका नेताहरू अगल पार्टी निर्माणको गृहकार्यमा अग्रसर छन्।

क्रमशः अन्तिम पृष्ठमा

## रहेनन् नागरिक अगुवा देवेन्द्रराज पाण्डे

**काठमाडौं।** नागरिक आन्दोलनका अगुवा देवेन्द्रराज पाण्डेको ८७ वर्षको उमेरमा गत शुक्रबार साँझ विशालनगरस्थित उनकै निवासमा निधन भएको छ। गत शनिबार पशुपति आर्यघाटमा उनको अन्त्येष्टि गरिएको छ।

पाण्डेप्रति श्रद्धाञ्जलि व्यक्त गर्न नेपाली कांग्रेसका सभापति गगनकुमार थापा, नेपाली कम्युनिस्ट पार्टीका नेता नारायणकाजी श्रेष्ठ र अग्निप्रसाद सापकोटा, प्रगतिशील लोकतान्त्रिक पार्टीका नेता सन्तोष परियारलगायत नागरिक समाजका अगुवा, लेखक

क्रमशः अन्तिम पृष्ठमा

# विघटको मोडमा 'पुराना', झन् चुनौतीमा 'नयाँ'

**समय सन्देश**

नारायणप्रसाद भण्डारी

नेपाली जनताले जस्तो प्रकारको सङ्घर्ष र बलिदान गर्दै रगतको खोलो बगाए पनि दिगो शान्ति हुन सकेन। जनताले कति यातना, पीडा, कष्ट भेले- बयान गरिसाध्य छैन। नेतृत्वले एउटा सङ्घर्षको कार्ड फाल्छन् र उनीहरू कुनै सुरक्षित स्थानमा वा जनताकै सुरक्षाको बलियो घेरामा सम्मानजनक तरिकाले बस्छन्। नेताले फालेका आन्दोलनका कार्डहरू पूरा गर्ने दायित्व जनताको हुन्छ। दायित्व पूरा गर्न आर्थिकदेखि जनता सडकमा ओरालेर सत्ताका ठेकेदार तलुवाचाटक सीआईडी, सुराकी बिचौलिया, आन्दोलनभित्रकै धोकेबाज लगायतकाहरूको लाठी, बुट, बन्दुकका कुन्दा, ताता गोलीका छर्रादेखि चिसो छिँडी, अध्याराँ, भोका उडुसउपियाँको आहारा समेतको जेलनेल, यातना सबै साधारण जनताले नै भोग्नुपर्छ। त्यसमा पनि यदि यातना सहन नसकेर थोरै कमजोरी पनि देखियो, हुन गयो भने त्यति ठूलो कुर्बानी गरेको कुनै अर्थ हुँदैन। गद्दारको बिल्ला भिर्दै दुस्मनको खोरबाट बाहिर आए पनि पुनः निलम्बन लगायतका कारबाही हुन्छन्।

अझ संकटकालमा त कतिले ज्यानकै जोखिम हुने प्रकारका पीडादायी सजायँ समेत भोगे। जनताले भोगेका दर्जनौं प्रकारका दुःखदायी इतिहास साक्षी छन्। राणा शासनकालीन होस् या २५० वर्षको राजतन्त्रको कालारात्री, पञ्चायती निरङ्कुशतन्त्रको समय होस्; जुनसुकै आन्दोलनको यात्रा जनताका लागि कहिल्यै सहज भएनन। शासकको विपक्षमा आवाज

क्रमशः दोस्रो पृष्ठमा

> विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरूका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरूकै सिर्जनात्मक क्षमतामा भर परेर फड्को मार्न तयार हुन्छन्। **-लेनिन**

**जनजिब्रो साप्ताहिक**
वर्ष- ३२, अङ्क- १, साउन ८ गते शुक्रबार, २०८३

## सम्पादकीय

# बीपीको 'श्राद्ध' कि बीपीप्रति 'श्रद्धा' ?

यो साता ४४औं बीपी स्मृति दिवस परेको छ। नेपाली काङ्ग्रेसका दुई खेमामा विभाजित नेताहरूले बेग्लाबेग्लै कार्यक्रम गरेर बीपीको सम्झना र सम्मान गर्ने प्रयास गरेका छन्। तर, लाग्छ- उनीहरूले बीपीप्रति 'श्रद्धा' गरिरहेका छैनन्, केवल बीपीको 'श्राद्ध' गरिरहेका छन्।

नेपाली प्रजातान्त्रिक-लोकतान्त्रिक आन्दोलनका प्रमुख अगुवाहरूमध्येका एक हुन् विश्वेश्वरप्रसाद कोइराला अर्थात् बीपी। अझ काङ्ग्रेसीहरूले त बीपीलाई 'महामानव' कै पगरी गुथाउने गरेका छन्। कुनै पनि मान्छेलाई 'म्यान' भन्दा माथि उचालेर 'सुपरम्यान' बनाएको स्वाङ पार्ने तर यथार्थ व्यवहारमा भने आधारभूत रूपले मान्छेसम्म पनि नगन्ने महारोग हाम्रो समाजका सवै खेमामा व्याप्त छ। मान्छेलाई मान्छे रहन नदिएर 'महामान्छे' अर्थात् 'भगवान्' भनाउनेहरूले यथार्थतः कुनै पनि मान्छेप्रति न्याय गर्न सकेका हुँदैनन् र सक्दैनन् नै। बीपीको व्यक्तित्व एउटा राजनीतिकर्मी अर्थात् नेतामा मात्र सीमित छैन; उनी राजनीतिज्ञभन्दा पनि बढी त साहित्यकार हुन्। तर, एउटा दलविशेषको घेरामा सीमित भएका र सम्बन्धित दलका नेताहरूले 'निजीकरण' गरिदिएका कारण उनको साहित्यिक व्यक्तित्व लगभग पूर्णरूपमै ओझेल परेको छ।

यसर्थ, काङ्ग्रेसी नेताहरूले बीपीलाई टाउकामाथि उचालेर भुइँमा थचारिदिएका छन्। बढीभन्दा बढी सम्मान गर्ने र स्थापित गर्ने नाममा बीपीमाथि घोर अपमान र अन्याय गरिएको छ। यो विडम्बनाप्रति सवैको ध्यान जाओस्। बीपीबाबुप्रति हार्दिक श्रद्धासुमन !

# अमेरिका–इजरायल–इरान युद्ध र विश्व अर्थतन्त्रमा प्रभाव

**सामयिक समीक्षा**

**सीताराम तामाङ**

**साम्राज्यवाद : विश्वसंकटको कारण**

लेनिनले भनेका छन्- "पुँजीवादको एकाधिकारी अवस्था नै साम्राज्यवाद हो। " उनले यसलाई पुँजीवादको विकासको उपल्लो चरण हो र यो परजीवी, मरणासन्न पुँजीवादको रूपमा रहेको विश्लेषण गरेका छन्। विदेशी मुलुकहरूलाई शक्ति र हिंसाको बलमा अधिनमा राख्नु साम्राज्यवाद हो।

साम्राज्यवादीहरूले उपनिवेश विस्तारका लागि होडबाजी लगाएर/फलतः विश्वभरी नै उपनिशहरू विस्तार भए। तर सन् १९१७ मा रुसमा अक्टोबर क्रान्तिबाट समाजवाद स्थापना भएपछि त्यसको तरंग विश्वभरी फैलियो। औपनिवेशिक तथा अर्धऔपनिवेशिक मुलुकहरूमा राष्ट्रिय स्वाधीनताका आन्दोलनहरू उठे र त्यसले दोस्रो विश्व युद्धमा आई पुग्दा साम्राज्यवादलाई मरणासन्न अवस्थामा धकेलिदियो। साम्राज्यवाद अब पुरानै धर्राबाट (क्थकतभ) नचल्नेभयो। उनीहरूले पुरानो उपनिवेश तथा अर्धउपनिवेशहरूलाई आफ्नो पकडभित्र राखिराख्ने हेतुले नवउपनिवेशवादी नीति अख्तियार गरे।

दोस्रो विश्व युद्ध अघिसम्म बेलायत विश्वकै एक नम्बरको साम्राज्यवादी शक्ति थियो। दोस्रो विश्व युद्धपछि संयुक्त राज्य अमेरिका एक नम्बरको शक्ति बन्यो। अब बृतिश स्टर्लिङ पाउन्डको स्थान अमेरिकी डलरले लियो। अमेरिकी नेतृत्वमा साम्राज्यवादी मुलुकबस्हिरूले सन् १९४५ मा बृटनउड्स सम्मेलन गरेर विश्व बैंक र अर्न्तराष्ट्रिय मुद्रा कोषको जन्म दिए। पछि एसियाली विकास बैंक, अफ्रिकी विकास बैंक, डब्लुटिओ आदि संस्थाहरू थप्दै गए। यी सबैको काम भनेको पूर्व उपनिवेश तथा अर्धउपनिवेशहरूमा नवउदारवादको नाममा 'आफ्नो शर्त'मा ब्यापार, बित्त र प्रविधि थोपर्नु रहेको थियो। सन् १९९० मा भएको सोभियत संघको विघटनले साम्राज्यवादी मुलुकहरूलाई (जी-७) विश्वका अल्प विकसित मुलुकहरूमाथि आर्थिक तथा सामरिक प्रभुत्व कायम गर्न अझै मद्दत पुऱ्यायो। सन् २००० सम्ममा यसले विश्वभरी नै संस्थागत प्रभुत्व कायम गर्न सफल भएको थियो। तर पश्चिमा साम्राज्यवादीहरूको यो नीतिका विरुद्ध रुस, चीन, भारत, ब्राजिल, दक्षिण अफ्रिका मिलेर 'ब्रिक्स' गठन गरी 'न्यु डेभलप्मेन्ट बैंक' संचालनमा ल्याएपछि साम्राज्यवादीहरूलाई चुनौती खडा भएको छ। (अहिले ब्रिक्समा अन्य मुलुकहरू पनि थपिएर ब्रिक्स प्लस बनाएको छ। ) चीनले 'बेल्ट एन्ड रोड इनिसियटिभ', एसियन इन्फ्राक्स्टचर इनभेसमेन्ट बैंक, पिपल्स बैंक अफ चाइना, चाइना-अफ्रिका डेभलपमेन्ट बैंक स्थापना गरेपछि साम्राज्यवादी व्यापार र लगानीमा अरु चुनौती थपिएको छ।

अमेरिकाको राष्ट्रपतिको पदमा डोनाल्ड ट्रम्प आए र उनले 'अमेरिका प्रथम' को नीति अर्न्तगत अमेरिकाको अर्न्तराष्ट्रिय व्यापार तथा लगानीले सिर्जना गरेको भूमण्डलीकरणको

क्रमशः चौथो पृष्ठमा

# विघटनको मोडमा 'पुराना'...

उठाउने नेता हुन्छन्। आवाज बुलुन्द पारेर उचाइमा लाने जिम्मा कार्य कर्ताको हुन्छ कार्यकर्ता भनेका मैदानमा जाने र जनता उठाउने हुन्छन्। विनाजनताको संघर्ष हुँदैन। कार्यकर्ता र जनताको शुरक्षा घेरामा नेताले भाषण गर्छन्।

आइपर्दा कार्यकताले नेता बचाएर लान्छन्, मैदानमा जनता हुनस्छिन्। तिनै जनता दुश्मनका लाठी, गोली, बुट, नुनचुक, दिनभरको रिस साँझ रक्सीको मातमा खोरभित्रको कथाव्यथा के-के हुन्छ ? लेखाजोखा हुँदैन गरेर पनि साध्य हुँदैन। यो त संघर्षको नियम हो। विगतको इतिहास निर्माण पनि यसरी नै बन्यो। यस्ता क्रान्ति सङ्घर्ष वर्गीय दुश्मनसँगको भीडन्तविना जनताको सत्ता आउँदैन भन्ने कुराको पुष्टि कमरेड माओले दीर्घकालीन जनयुद्धको क्रान्ति गर्दाको भोगाइलाई विश्लेषण गरेका छन्। सत्ता बन्दुकको नालभित्र हुन्छ। यो शब्द त्यतिकै श्रृजना भएको होइन। अति मर्माहत छ। उक्त शब्द निर्माण हुन पनि क माओले चिनिया निरङकुश च्याङकाइ सेकको बलिया किल्ला तोडेर जनवादी क्रान्ति पूरा गर्दाको अनुभव सम्पूर्ण पक्षको निचोड हो। सायद नेपाली जनताका पीडा पनि कम छैनन होला ? बिडम्बनाको पक्ष यती ठूला कस्टकर र घातक आन्दोलन सङ्घर्षको बिचबाट प्राप्त गरेका प्रजनतन्त्र होस वा गणतन्त्र होस किन धरापमा पर्दै छन् ? किन त्यती ठुला बलिदानीबाट आएका क्रान्तिकारी शक्ति विघटनको खर्तनाक मोडमा उभिएका छन् ?

वास्तवमा क्रान्ति कम्युनिष्टले मात्र गर्ने र गरेको शब्द होइन। प्रजातन्त्रका लागि सङ्घर्ष गरेका पार्टीहरू मध्य नेपाली कांग्रेसले पनि बम बोकेकै हो, बन्दुक उठाएकै हो तर आज ती सबै शक्तिहरू एउटै अबस्था र समयमा किन विघटनको मोडमा पुग्दैछन् ? वास्तविक कारण यस्ता छन्।

१. २००७ सालको प्रजातन्त्र प्राप्तीको आन्दोलनको श्रेय नेपाली काग्रेसमै जान्छ। जानु पनि स्वभाबिक हो। किनभने २००६ सालमा मात्र भरखरै नेपालमा कम्युनिष्ट पार्टीको जन्म भएको थियो। पार्टीको शक्ति आन्दोलनमा गै हाल्ने थिएन। त्यसकारण नेपाली कांग्रेससंग मिलेर मोर्चा खडा गराएर राणा शासन बिरुद्धमा लडेको थियो। श्रेय कांग्रेसको भएपनि प्रभाब भने कम्युनिष्टको मोर्चाले राणा शासन ढाल्नमा टेवा पूरायो र सफल पनि भयो तर टिक्न सफलताको लक्ष्यमा पुग्न सकेन। त्यसको मुख्य कारण आन्दोलन सफल भए पछि आफना बिरोधी प्रति गरिने ब्यबहार कस्तो हुनु पर्दथ्यो त्यसो नभै ठिक उल्टो भयो। कुनै पनि क्रान्ति आन्दोलन होस वा सङ्घर्ष होस अब पूरा हुन्छ हुन्छ भन्ने बेलामा एउटा जुन प्रकारको उभार आउँछ त्यहि समयमा सहि इमान्दारीताको उभार कम हुन्छ। बिभिन्न प्रकारका गलत सोचाइ अवसरवादी दृष्टिकोण निम्न पुँजीवादी चिन्तनले ग्रस्तहरूको बाक्लो भिड लाग्छ। त्यहि भित्र पार्टी आन्दोलन समाप्त पार्ने गिरोह जासुसि हरूको प्रबेश अझ बढि खर्तनाक हुन्छ। त्यति बेला पनि ठिक त्यस्तै थियो। जस्को उदाहरण प्रजातन्त्र असफल पार्न दुनियाँ तिक्डम भयो। समाजमा हो हल्ला हुल दगां चोरी चकारी बलत्कारी ढाँट लुट बिध्वसं आगजनी घर घरमा लुटपाट काटमार अराजकता को कारण जनताको मन मष्तिस्कमा एक प्रकारको छाप बस्यो प्रजातन्त्र भन्दा उहि पुरानै ठिक भन्ने प्रकारको अबस्था श्रृजना गराएर कति मिहेनत गरेर ल्याएको प्रजातन्त्र गुम्ने अबस्थामा पुगे पछि त्यती बेलाका राजा त्रिभुबनको पनि प्रजातन्त्र ल्याउँनमा हात थियो। उनी २०११सालमा बिरामीको कारण बिदेशमा औषधि उपचारकै क्रममा हस्पिटलको बेड बाटै भनेका छन् हामी सबैको साना दुखले आर्ज्याको प्रजातन्त्र होइन यदि कोहि कसैको कारणले प्रजातन्त्र गुम्यो भने भिटो पावर प्रयोग गर्न पछि पर्न्या छैनौ भनेका थिए आखिर प्रजातन्त्रको जग हल्लियो। कमजोर भयो जेनतेन बीपी गृह मन्त्री बने तर मन्त्रीको पद सहित जेल परे। जेलमा पनि उनलाइ थुप्रै मानसिक शारिरीक शास्ती यातना दिइयो। उनको रोगमाथि मलजल गरियो। अन्तमा २०१७ साल पौष १ गते राजा महेन्द्रबाट प्रजातन्त्रमाथि कुठाराघात भयो। प्रजातन्त्र माथि कुठराघात भयो भन्ने चिन्ता आन्दोलनकारी दुख पसिना मिहेनत गर्ने रगत बगाउने शहीद परिवार जनलाई भयो तर एउटा कम्युनिष्टको जिम्मेवार ब्यक्तिले ठिक भयो भनेर खुसी मनाएर ऐक्यबद्धता जनाएर बर्ग बैरीको रूपमा चित्रित हुन पुग्यो। त्यो गद्धार भनेको केशरजङ्ग रायमाझि नामको देश जनता द्रोही थियो।

२. त्यसपछि फेरि २०३६ सालमा अर्को सूवर्ण अवसर आयो। जनताले ब्यबस्था छनौट गर्न पाउँने भए। निर्दल की बहुदल त्यसमा पनि फेरि बहुदलको नाममा हुल दगां लुटपाट पिटमार को अराजक समूहले गाउँगाउमा जनता सताउँनु सम्म सताए र जनताको मनमा बहुदल भनेको बहुला दल जस्तै हो। यो ब्यबस्था आयो भने दुख हुन्छ। चेलीबेटी को इज्जत भएको धन संपत्ति लुटिन्छ भनेर अफबाह फैलाए तर जनताले हारेनन भोट बहुदलमै गरे। वास्तविक जनताका भोटका बाकस खोला जगंल मा बगाउँने आगो लगाउँने सबै हर्कत गरे हार्नेले जित्यो जित्नेले हारयो देशको ढुकुटी पनि रित्ताए।

३. त्यसपछि फेरि पनि २०४६ सालको जनआन्दोलनले बहुदलिय प्रजातन्त्र ल्यायो। त्यँहा पनि सबै विगतका तरमारा पन्चे बहुदलीय ब्यबस्थामा हर्ता कर्ता भए। नेपाली कांग्रेसको बहुमतको एकमना सरकार गिराएर मध्यावधि चुनावमा गए। त्यँहा बाट प्रजातन्त्र खस्किदै गयो। त्यसपछि २०५२मा माओवादी युद्ध ले स्थान पायो।

४. नेपालमा सबभन्दा धेरै जनधनको आकलन गरे भन्दा बढि क्षति भयो। आखिर तथा कथित प्रजातन्त्र राजतन्त्र एकै चोटी समाप्त भयो तर जनताको लागि काग लाइ बेल पाके सरह भयो। त्यति ठूलो आन्दोलन युद्ध किन त्यस्तो बन्यो ?कारण के थिए ?

माओवादीमा मात मात्र नभई उन्माद नै चढ्यो। विगतको २००७ सालको कांग्रेस भन्दा कति कम भएनन। लुटने पिटने सताउने चन्दा आतंक भ्रष्टचार कमिसन नातावाद कृपावाद सेटीङमा भ्रष्टाचार मानव तस्करी नेपालको प्राकृतिक सम्पदाको दोहन बाली जन्य भूमिको पलटिङ बिभिन्न खाले बिचौलियाको श्रृजना, ऐश आराम बिलासिता जनता सताउँने महगी शिक्षा स्वास्थ्यमा ब्यापार विभेद कर उठाउँने यस्ता हर्कतहरू के भएनन के गरेनन् भन्दा छोटो उत्तर आउछ। यसको कारक तत्त्व भनेकै माओवादी हो। जीम्मा पनी माओवादीले नै लिनु पर्छ किनभने काग्रेस एमालेले देश लुटे भनेर जन्मेको माओवादीले के गरयो ? अहिले अरुलाई दोष थोपरेर उम्कन पाइन्छ ? माओवादीकै कारण रास्वपा भन्ने जन्म्यो जेनजी आन्दोलन जन्मयो। बिडम्बना रास्वपा जेन्जी जेड आए पनि जनतामाथि राहतको बदला हरेक कारणले आहत हुँदै गयो। यो पनि टिक्दैन यस्का दिन गन्ति शुरु भए। मात्र ५ बर्ष टिक्ने कि नटिक्ने ? यस्को कारण के भन्दा विगतको २००७ सालको प्रजातन्त्र २०४६ सालको बहुदलिय प्रजातन्त्र २०६२ ,०६३ को गणतन्त्र असफल हुनाका कारण के के थिए ? त्यहि रोग रास्वापा भित्र प्रबेश गरि सक्यो जस्को सानो उदाहरण रास्वापाको वर्तमानको राष्ट्रिय माहाधिबेसन हेरे पुग्छ।

निचोडमा भन्नु पर्दा विगतमा सबै पार्टीको लहर अत्याधिक सबैमा अहिलेको रास्वापामा जस्तै आयो तर जुभफारु अर्थवाद अर्कैको संपत्तिमा रमाउँने उत्पादनमा हस कहि कतैबाट आउने थात थलो छैन। जतनाले आशा भरोसा गर्ने कुनै बिस्वास इज्जत नैतिक्ता कर्तब्यता इमान्दारीता राजनैतिकता बैचारीक्तामा दृढता सबै गुम्दै गयो पार्टी भित्र गुट उपगुट बेइमानी धोका बढदै गयो गाउँमा कार्यकर्ता विहीन बन्दै गयो पार्टी छोडने को लर्को भयो केन्द्र जिल्ला कमिटी विहीन बन्दै गयो। कार्य कर्ता बिनाका नाम मात्र सिमित हुँदै गए। त्यसकारण विघटनको खर्तनाक मोडमा पार्टीहरू पुगे। अहिलेको नयाँ उभारको पार्टी रास्वपाले पनि अझ खर्तनाक रोगको चुनौती अनिबार्य बेर्होनु पर्ने छ।

# सरकारले संविधानलाई धारेहात लगाएको छ : सांसद राई

**काठमाडौं ।** श्रम संस्कृति पार्टीका सांसद आरेन राईले किसान, मजदुर, निमुखा र प्रेसमाथि तानाशाही व्यवहार गरेको बताएका छन् । प्रतिनिधिसभालाई सम्बोधन गर्दै सांसद राईले उक्त आरोप लगाएका हुन् ।

प्रतिनिधिसभामा बोल्दै उनले भने 'प्रधानमन्त्रीज्यू, तपाईं सुपर एक्सप्रेस वेमा होइन । लोकतान्त्रिक विधि र पद्धतिमा शासन चलाउनुस् ।' सांसद राईले करारमा राखिएका कर्मचारीहरू हटाउन लागिएको विषयमा समेत सरकारसँग जवाफ माग गर्दै भने 'यस्ता विषयमा सरकार सच्चिनुपर्छ ।' उपकुलपति नियुक्तिका विषयमा प्रश्न उठाउँदै सांसद राईले नियुक्ति प्रक्रिया पारदर्शी नभएको पनि आरोप लगाए । उनले संविधान संशोधनको विषयमा बनाएको कार्यदल आफ्नो पार्टीले बहिष्कार गरेको भन्दै सरकारले संविधानलाई धारेहात लगाइरहेको बताएका छन् ।

'यो संविधानमा उत्पीडित र सीमान्तकृतको अधिकार लेखिएको छ । होला, कहीँकतै कमजोरी भएको छ, त्यसमा समीक्षा गर्न सकिन्छ' सांसद राईको भनाइ थियो । सरकारले संघीयताको विषयमा भ्रम छरेको आरोप लगाउँदै सांसद राईले संघीयता खर्चिलो भयो भन्ने भाष्यको खण्डन गरे । उनले प्रदेश तहका सांसद घटाउन सकिने र स्थानीय तहमा सुधार गर्न सकिने तर्क गर्दै उनले भने 'सबै जातिको धार्मिक, सांस्कृतिक र भाषिक अधिकार सुनिश्चित गर्न पनि प्रदेशसभा चाहिन्छ ।'

# राष्ट्रिय स्वाधीनताको रक्षार्थ परिवर्तनपक्षीयहरूबीचको सहकार्य अत्यावश्यक : प्रचण्ड

**काठमाडौं ।** नेपाली कम्युनिष्ट पार्टीका संयोजक तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले राष्ट्रिय स्वाधिनताको रक्षा गर्न परिवर्तन पक्षधर राजनीतिक शक्तिबीच सहकार्य आवश्यक रहेको धारणा व्यक्त गरेका छन् ।

जनकपुरधामस्थित महेन्द्रनारायण निधि प्रतिष्ठानमा आयोजित नेकपा मधेस प्रदेशको एकता बैठक तथा प्रशिक्षण कार्यक्रममा मधेस प्रदेश समितिका पदाधिकारी तथा सदस्यलाई सपथग्रहण गराउँदै संयोजक दाहालले मुलुकको राष्ट्रिय स्वाधीनता, संविधान र संघीय व्यवस्थामाथि विभिन्न कोणबाट चुनौती थपिँदै गएकाले परिवर्तनका पक्षमा संघर्ष गरेका राजनीतिक दलहरूबीच साझा समझदारी र सहकार्य अपरिहार्य बनेको बताएका हुन् । 'कठिन परिस्थितिको सामना गर्न हिजोका १२ बुँदे सम्झौता गर्नेदेखि संविधासभा र संविधान निर्माण गर्नेसम्म सहकार्य गरेका राजनीतिक दलबीच सहकार्य आवश्यक छ' संयोजक दाहालको भनाइ थियो । त्यसका लागि वामपन्थी कम्युनिस्ट शक्तिदेखि नेपाली कांग्रेसलगायत दलहरूबीच सहकार्य जरुरी रहेको उनको भनाइ थियो ।

वामपन्थी कम्युनिस्ट घटकहरूबीच ध्रुवीकरण गर्दै एकताको पहल कदमी आफ्नो पार्टीको काँधमा आएको उल्लेख गर्नुहुँदै संयोजक दाहालले सहकार्यका विषयमा नेकपा (एमाले) सँग पनि प्रयास भइरहेको बताए । मधेस प्रदेशमा पार्टीलाई मजबुत बनाउन नसकिए पार्टीको पनि भविष्य राम्रो नबन्ने र मुलुकको पनि भविष्य राम्रो नहुने भएकाले आफ्नो पार्टीले मधेस प्रदेशलाई उच्च प्राथमिकतामा राखेको बताउँदै संयोजक दाहालले आगामी मंसीरमा हुने पार्टीको महाधिवेशनबाट ५० प्रतिशत युवालाई पार्टीको विभिन्न कमिटीमा समेटिने योजना बनाएको बताए । विभिन्न वामपन्थी घटकबीचको एकताको सन्देश प्रवाह गर्ने उद्देश्यले आयोजना गरिएको प्रशिक्षणमा पार्टी संयोजक दाहालसँगै पार्टीका सहसंयोजक तथा पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल र वरिष्ठ नेता नारायणकाजी श्रेष्ठलगायत शीर्ष नेतृत्वले प्रशिक्षण दिने कार्यक्रम रहेको छ । बुधबार साँझसम्म चल्ने प्रशिक्षणमा मधेस प्रदेशका आठवटै जिल्लाका नेता तथा कार्यकर्ता सहभागी छन् ।

# राजनीति नयाँ बाटोतर्फ जान सक्ने प्रचण्डको विश्लेषण, सहकार्यतर्फ दुई 'वाम' शक्ति

**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का संयोजक तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले पछिल्लो समय वामपन्थी शक्तिबीच सहकार्यको वातावरण बनेको खुलासा गरेका छन् । जनकपुरधाम विमानस्थलमा मंगलबार साँझ सञ्चारकर्मीसँग संक्षिप्त कुराकानी गर्दै संयोजक दाहालले आफ्नो पार्टी र नेपाल (एमाले) सँग सहकार्यको प्रक्रिया औपचारिक रूपमा अघि बढेको बताएका हुन् ।

तीन दलबीचको समझदारी अझै अन्तिम निष्कर्षमा पुग्न बाँकी रहेको धारणा व्यक्त गर्दै संयोजक दाहालले प्रदेश सरकारको सत्ता साझेदारीका विषयमा नेपाली कांग्रेससँग पनि छलफल भइरहेको खुलाए । नेकपाको मधेस प्रदेशसतरीय प्रशिक्षण कार्यक्रममा सहभागी हुन जनकपुरधाम पुगेका संयोजक दाहालले पार्टीको प्रशिक्षण र संगठन सुदृढीकरणलाई प्राथमिकताका साथ अघि बढाइने समेत बताए । नेकपाको मधेस प्रदेशस्तरीय प्रशिक्षण कार्यक्रमलाई बुधबार पार्टीका संयोजक दाहाल, सहसंयोजक माधवकुमार नेपाल र वरिष्ठ नेता नारायणकाजी श्रेष्ठले सम्बोधन गर्ने कार्यक्रम रहेको छ । दुई वर्षअघि सत्ताकै तानातानमा सहकार्य तोडेर दुई किनारा लागेका एमाले अध्यक्ष केपी शर्मा ओली र नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का संयोजक दाहालले फेरि प्रदेश सत्ताका लागि निजिकिएका देखिन्छ । एमाले र रास्वपाको समर्थनमा १८ महिनासम्म सरकारको नेतृत्व गरेका तत्कालीन नेकपा (माओवादी केन्द्र) का अध्यक्ष प्रचण्ड ०८१ असारमा एमालेले समर्थन फिर्ता लिएपछि पदमुक्त भएका थिए । उतिबेला सत्ता सहकार्य गरेका ओली र नेपाली कांग्रेसका तत्कालीन सभापति शेरबहादुर देउवाबीच भएको सहमति कार्यान्वनमा विवाद सिर्जना भएपछि प्रदेशमा दुई वामशक्ति एमाले-नेकपाको सहकार्य बनाउने समझदारी गरेका हुन् ।

१७ असार ०८१ मा ओली र देउवाबीच भएको सहमतिअनुसार ओली प्रधानमन्त्री बनेर प्रदेशहरूमा पनि सहमतिमै नेतृत्व बाँडफाँड गरेका थिए । तर प्रधानमन्त्रीमा देउवाको पालो आउन नपाउँदै 'जेन-जी' आन्दोलनले देशको सत्ता उलटफेर गरिदिएको थियो । निर्वाचनमा नराम्रोसँग पराजित ती दल केन्द्रीय सत्ताको घेराबाहिर पुगेका छन् । तर, प्रदेशहरूमा दुवै दलको सहकार्यमा सरकार चलिरहेकामा कांग्रेसमा आएको नयाँ नेतृत्वले १७ असार ०८१ को सहमतिअनुसार नेतृत्व फेरबदलको आवाज उठाएपछि एमालेसँग सम्बन्ध चिसिन सुरु भयो । श्रीलंकाबाट फर्किएका संयोजक दाहाल मंगलबार ओलीलाई भेट्न गुन्डु पुगेका दुई नेताबीच छलफल गरेका थिए । त्यसलगत्तै पार्टी कामको सिलसिलामा जनकपुर पुगेका संयोजक दाहालले त्यहाँ सञ्चारकर्मीहरूसँग कुराकानी गर्दै प्रचण्डले पछिल्लो राजनीतिक घटनाक्रमले वाम शक्तिहरूबीच सहकार्यको वातावरण बनेको र एमालेसँगको सहकार्य अगाडि बढिरहेको बताएका थिए । 'अहिले देशको राजनीतिक घटनाक्रमले वाम शक्तिबीच सहकार्य बढिरहेको छ, त्यसका लागि एमालेसँग कुराकानी चलिरहेको छ' कुराकानीकै क्रममा संयोजक दाहालले भनेका थिए ।

नेकपा प्रवक्ता प्रकाश ज्वालाले ओलीसँगको भेटवार्तामा सकारात्मक कुराकानी भए पनि मिलेर जाने विषय निष्कर्षमा नपुगेको बताए । 'हाम्रो तर्फबाट प्रचण्ड कमरेडले संविधान बनाउने, लोकतन्त्र र संघीयता पक्षधर प्रमुख तीन पार्टी मिलेर प्रदेशहरूमा चुनावी सर्वदलीय सरकार बनाउने प्रस्ताव राख्नुभयो। यही प्रस्ताव उहाँले कांग्रेस सभापतिलाई पनि राख्नुहुन्छ' प्रवक्ता ज्वालाको भनाइ थियो 'अहिलेका लागि यो प्रसताव नै उपयुक्त भए पनि कांग्रेस सभापतिको कस्तो रेस्पोन्स आउँछ, त्यस आधारमा नै एमालेसँग अलग्गै सहकार्य हुन्छ कि हुँदैन टुंगो लाग्छ ।' प्रवक्ता ज्वालाका अनुसार सहसंयोजक माधवकुमार नेपालसँगको परामर्शपछि एउटा निष्कर्षका आधारमा संयोजक प्रचण्डले अब कांग्रेस सभापति थापासँग कुराकानी गर्ने बताए । एमाले सचिव पद्यमा अर्यालले दुई नेताबिच सम्भावित सहकार्यकै विषयमा कुराकानी भएको जानकारी दिइन् । 'देशको अहिलेको अवस्थाले वाम-लोकतान्त्रिक शक्तिबीच सहकार्यको आवश्यकता छ, प्रदेशहरूमा पनि त्यसरी नै जाँदा उपयुक्त हुन्छ भन्ने पार्टीको निष्कर्ष हो । दुई नेताबीच भएको कुराकानीको औपचारिक जानकारी नभए पनि उहाँहरूबीच त्यस्तै संवाद भएको बुझिन्छ' अर्यालको भनाइ थियो । एमाले उपमहासचिव लेखराज भट्टले नेकपासँग सहकार्यको सम्भावना बढेको र प्रदेशस्तरमा पनि त्यसअनुसार नै छलफल चल्न थालेको जानकारी दिए । 'हाम्रो सहकार्य नेकपासँगै बढेर गएको छ, त्यस दिशामा छलफल सकारात्मक छ' उनले भने 'सुदूरपश्चिममा कांग्रेसले एमालेलाई सरकारबाट हटाएपछि नेकपासँग मिलेर सरकार बनाउने गरी नै सकारात्मक छलफल भएको छ, अरु प्रदेशमा पनि त्यसरी जान सकिने विषयमा छलफल जारी नै छ । तर, प्रमुख नेताहरूले नै सबै विषय टुंगो लगाउनुहुन्छ ।'

'कांग्रेसले सुदूरपश्चिममा हाम्रा मन्त्रीहरूलाई बर्खास्त गरेर तीन दलको सहकार्यलाई ब्रेक गर्न सुरु गरेको हो । तर, हामी अहिले पनि लोकतन्त्र, संविधान र संसदीय प्रणालीको रक्षार्थ ०६२/६३ लोकतान्त्रिक गणतन्त्र र संघीयताको पक्षमा लडेका शक्तिहरू एक ठाउँमा उभिनुपर्छ र सहकार्य गरेर जानुपर्छ भन्नेमै छौं । कांग्रेसका कारण त्यो सम्भावना अलि कमजोर बनेको छ । तैपनि हामीले हाम्रोतर्फबाट सम्भावनाको ढोका सधैं खुला नै राखेका छौं र सक्छौं' भट्टको भनाइ थियो । यसअघि आइतबार श्रीलंकाबाट फर्किएपछि संयोजक दाहालले पार्टीका नेताहरूसँग विकसित घटनाक्रमबारे छलफल गरेका थिए । उनले सहसंयोजक माधव कुमार नेपाललाई उनकै निवास कोटेश्वरमै पुगेर छलफल गरेका थिए । यसअघि संयोजक दाहालले नेताहरू वर्षमान पुन र प्रमेश हमालसँग पनि ओलीसँग भएको पछिल्लो संवादबारे बिफिङ लिएका थिए ।

# नेपालको विकासमा रुसको योगदान महत्त्वपूर्ण : वर्षमान

**काठमाडौं ।** नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का नेता तथा पूर्वअर्थमन्त्री वर्षमान पुनले र नेपाल-रुस कूटनीतिक सम्बन्ध स्थापनाको ७०औं वार्षिकोत्सवका अवसरमा दुई देशबीचको सात दशक लामो कूटनीतिक सम्बन्ध पारस्परिक सम्मान, समानता र मित्रतामा आधारित रहेको धारणा व्यक्त गरेका छन् ।

नेपाल-रुस कूटनीतिक सम्बन्ध स्थापनाको ७०औं वार्षिकोत्सवका अवसरमा नेपालस्थित रुसी दूतावासद्वारा काठमाडौंको 'रसियन कल्चर सेन्टर' मा सोमबार आयोजित फोटो प्रदर्शनी उद्घाटन गर्दै पुनले विगत सात दशकमा दुई देशबीच शिक्षा, विज्ञान-प्रविधि, स्वास्थ्य, संस्कृति, पर्यटन र मानव स्रोत विकासलगायत क्षेत्रमा भएको सहकार्यले द्विपक्षीय सम्बन्धलाई थप सुदृढ बनाएको बताएका हुन् । उनले नेपालको विकास यात्राको प्रारम्भिक चरणमा भौतिक पूर्वाधार निर्माण तथा औद्योगिकीकरणमा रुसले गरेको सहयोग उल्लेखनीय रहेको स्मरण गर्दै रुसमा अध्ययन गरेका हजारौं नेपालीले चिकित्सा, इन्जिनियरिङ, विज्ञान तथा अन्य विभिन्न क्षेत्रमा नेपाल निर्माणमा महत्त्वपूर्ण योगदान पुऱ्याएको जानकारी दिए ।

'नेपाल-रुस सम्बन्ध केवल कूटनीतिक आदानप्रदानमा मात्र सीमित छैन । शिक्षा, विज्ञान तथा प्रविधि, स्वास्थ्य, संस्कृति, पर्यटन र मानव स्रोत विकासलगायतका क्षेत्रमा भएको लामो र निरन्तरको सहकार्यले द्विपक्षीय सम्बन्धलाई अझ प्रगाढ बनाएको छ' नेता पुनको भनाइ थियो 'नेपालको विकास यात्राको प्रारम्भिक चरणमा भौतिक पूर्वाधार निर्माण तथा औद्योगिकीकरणमा रुसले पुऱ्याएको सहयोगले नेपालको सामाजिक-आर्थिक विकासमा उल्लेखनीय योगदान दिएको छ ।' उनले रुसमा उच्च शिक्षा हासिल गरेका हजारौं नेपालीले चिकित्सा, इन्जिनियरिङ, विज्ञान तथा अन्य विभिन्न पेसागत क्षेत्रमा नेपालका लागि महत्त्वपूर्ण योगदान पुऱ्याएको बताए । उनले नेपाल-रुसबीच विगत ७० वर्षमा निर्माण भएको मित्रता र सहकार्यको बलियो आधारलाई टेकेर व्यापार तथा लगानी, ऊर्जा, पर्यटन, शिक्षा, विज्ञान, प्रविधि तथा नवप्रवर्तन, कृषि र सांस्कृतिक आदान प्रदानलगायतका क्षेत्रमा सहकार्य विस्तार गर्ने प्रशस्त सम्भावनातर्फ औंल्याए ।



# अमेरिका–इजरायल–इरान...

भूमिकाबाट पछि हट्ने घोषणा गरे। चीनले भने अर्न्तराष्ट्रिय व्यापार र लगानी बढाएर चिनियाँ चरित्रको भूमण्डलीकरणलाई जोड दियो। अमेरिकालाई सन् २००८ को आर्थिक संकटबाट पार लगाउन चीनले अमेरिकी सरकारबाट निस्कासित बण्डको ठुलो हिस्सा खरिद गरेको थियो। अमेरिकी बजारमा चीनको दबदबा बढेको कारण अमेरिकाको चीनसँगको व्यापार घाटा बढ्दो छ। यसले गर्दा अमेरिकाले चीनलाई प्रतिस्पर्धी ठान्यो र त्यसको विरुद्ध व्यापार युद्ध गर्‍यो।

### अमेरिका-इजरायल-इरान युद्ध : क्षेत्रीय युद्ध

दोस्रो पटक डोनाल्ड ट्रम्प अमेरिकाको राष्ट्रपतिमा निर्वाचित भएपछि उसले अमेरिका अब विश्वको पहरेदार हुन नसक्ने देख्यो र त्यो स्वर्ग गुम्न नदिन चीनलाई तारो बनाएको छ। उसका विरुद्ध व्यापार युद्ध र उसको लगानी रोक्न हतियार– युद्धकै बाटो राजेको छ। उसले हतियार बेच्न इजरायललाई प्यालिस्टिनी जनतामाथि आक्रमण गर्न उक्सायो। फलतः इजरायली सेनाले ७० हजारभन्दा बढि प्यालिस्टिनी जनताको नरसंहार गर्‍यो। आफ्ना दुई छिमेकी मुलुकहरू क्यानाडा र मेक्सिकोको भूमिमाथि दावी प्रस्तुत गरे र सो भूमि छाड्नका लागि चेतावनी समेत दिए। तर ती मुलुकहरूको ट्रम्पको नीतिको विरोध गरेपछि ती मुलुकहरूलाई अमेरिकासँगको व्यापारका मालहरूमाथि २५% सम्म कर थप गर्ने निर्णय लिए। ट्रम्पले कोलम्बिया, पनामा, क्युवा र ग्रिनल्याण्डमा पनि आँखा गाडेका छन्। ट्रम्पले विभिन्न देशहरूमा सत्ता परिवर्तन गराई आफ्नो दलाल सरकार बनाउने नीति समेत लिएको छ।

दक्षिण एसियामा श्रीलङ्का, बाङ्गलादेश, पाकिस्तान र हालैको नेपालको जेनजी "विद्रोह"बाट भएको सरकार परिवर्तनलाई लिन सकिन्छ। तर दक्षिण अमेरिकाको एउटा सार्वभौम सम्पन्न देश भेनेजुलामाथि सैन्य आक्रमण गरी त्यहाँका बहालवाला राष्ट्रपति र उनकी पत्नीलाई अपहरण गरी अमेरिका लगेर अदालतमा मुद्दा चलाएका छन् र आफूलाई भेनेजुलाको अन्तरिम राष्ट्रपति समेत घोषणा गरेका छन्। भेनाजुयलाको तेलमा चीनको ७०% भन्दा बढि लगानी भएकोले अमेरिकाले त्यसलाई सहने कुरा थिएन। किनभने अमेरिका लेटिन अमेरिकालाई आफ्नो प्रभाव क्षेत्र मान्दै आएको छ।

रुस तथा युक्रेन युद्धले विश्व राजनीतिमा कम्पन ल्याइरहेको, महंगी र जलवायु प्रदुषण थपिरहेको अवस्थामा पश्चिम एसियामा अवस्थित एउटा सार्वभौमसम्पन्न मुलुक इरानका आणविक भट्टीहरू ध्वस्त पार्ने उद्देश्यले अमेरिकाले ८ असार ०८२ मा बीर बङ्करब्रस्टर बम प्रहार गरी फोर्डो, नतान्स र इस्फानमा भीषण हमला गरेको थियो। पुनः अमेरिका र इजरायलले मिलेर त्यहाँ सत्ता परिवर्तन गर्न १६ फागुण ०८२ मा अमेरिका र इरान बीच दोस्रो वार्ता क्रममै इरानमाथि अकस्मात आक्रमण गरेपछि अमेरिका–इजरायल र इरान बीच युद्ध चर्कन पुगेको छ। अमेरिकाको सोचाइको विपरित इरानले युद्धलाई निरन्तरता दिएको छ। खाडी मुलुकहरूमा राखिएका अमेरिकी सैनिक अखडाहरू नाकाम पारिदिएको छ भने इजरायलमाथि सामरिक दवाव बढाइरहेको छ। इरानले अमेरिका र इजरायललाई आफ्नो देशको स्वधीनताका लागि अन्तसम्म लड्ने र यो मुद्धालाई आफ्नो शर्तमा टुङ्गयाउने चुनौती दिइरहेको छ। पुनः अमेरिका र इरानका बीच २१ घण्टा लामो वार्ता असफल भएको छ। हर्मुज जलडमरुमा युद्धले नयाँ रूप लिएको छ।

यो युद्ध अहिले क्षेत्रीय युद्धको रूप लिएको छ। यसका वरपर देशहरू यो युद्धमा प्रत्यक्ष सामेल भएका छन् भने यो युद्धले विश्वका शक्ति राष्ट्रहरुलाई पक्ष विपक्षमा लाग्न बाध्य पारेको छ, पार्दैछ। अमेरिका यो युद्धमा एक्लिदै गएको छ भने अमेरिकाको प्रतिस्पर्धी शक्ति राष्ट्रहरू अप्रत्यक्ष जोडिएका छन्। रुस, चीन, कोरिया जस्ता मुलुकहरूको इरानका पक्षमा सूचना संचारमा सहयोग र प्रविधि तथा हातहतियारको आपूर्ति गर्दै आएका छन्। अन्य कयौं मुलुकहरू इरानमाथि गरिएको सैनिक आक्रमण विरुद्ध उभिएका छन्। उक्त कारणहरूले गर्दा अमेरिका तथा इजरायल र इरान बीचको युद्धको अन्त्य छिट्टै हुने वा सकिने संभावना कमै देखिन्छ।

### विश्व अर्थराजनीतिमा यस युद्धको प्रभाव

साम्राज्यवाद भनेकै युद्ध हो। अमेरिकी साम्राज्यवाद अहिले विभिन्न देशमाथि आतंक र युद्ध नै थोपर्दैछ। अमेरिकी राष्ट्रपतिमा ट्रम्प पुनः दोहोरिएपछि ग्रीनल्याण्ड कब्जा गर्ने, क्यानाडालाई अमेरिको ५१ औं राज्य बनाउने, पनामा नहरलाई कब्जा गर्ने र क्युवालाई समेत कब्जा गर्ने घोषणा गरेको छ। भेनेजुला र इरान तेलको ठुलो खानी भएका मुलुक हुन्।

यी सबै मुलुकहरूको सामरिक तथा आर्थिक महत्त्व छन्। त्यसैले अमेरिका यी मुलुकहरूलाई धम्काएर वा युद्धबाट कब्जा गर्न चाहन्छ। तर इरानसँगको युद्धले अमेरिकाले पेट्रो डलरमाथिको वर्चस्व गुमाएको छ। अब चिनीयाँ युआन (मुद्रा) पनि पेट्रो डलरमा परिणत हुन पुगेको छ। अब अमेरिकी डलर एक मात्र विश्व मुद्रा रहेन। यो बुढो बाघ हो, परजीवी हो र मरणासन्न मार्गमा छ।

आज पनि अमेरिका विश्व शक्ति राष्ट्र हो। रुस, चीन, भारत, दक्षिण अमेरिका, ब्राजिल, इरान आदि 'ब्रिक्स' मा आबद्ध शक्ति हुन्। अब विश्व अमेरिकी ध्रुवमा मात्र रहने अवस्था रहेन। 'ब्रिक्स' मा आबद्ध मुलुकहरू अर्को ध्रुब बन्दैछन्। अमेरिका बुढो बाघ हो, आफ्नो बर्चस्व कायमै राख्न चाहन्छ। त्यसै कारण उसले युद्ध थोपर्नु पर्दछ। अहिले ट्रम्प प्रशासन त्यही गरिरहेको छ। रुस तथा युक्रेनलगायत पश्चिम एशियामा (खाडी) भड्केको युद्धहरूको अन्त्य अनिश्चित देखिनुका साथै अमेरिकाले विभिन्न मुलुकहरूका लागि नयाँ भन्सार दरका साथै व्यापार नीतिमा परिवर्तन गरिदिएपछि विश्व अर्थतन्त्रमा अनिश्चितता बढ्नु स्वभाविक भएको छ। यसले विश्व जलवायुमा समेत गंभीर असर गरेको छ।

रुस तथा युक्रेन बीचको युद्धको तरंगले साम्राज्यवादी मुलुकहरुले आफ्नो सैनिक अखडा (नेटो)का लागि रक्षामा धैरै लगानी गर्ने भएका छन्। उनीहरूले (नेटो मुलुकका सदस्यहरू) आआफ्नो देशको रक्षा खर्च सन् २०३५ सम्ममा 'कुल ग्राहस्थ उत्पादनको पाँच प्रतिशत' पुर्‍याउने सहमति सार्वजनिक गरेका थिए। यसलाई नेटोले सैन्यीकरणतर्फ उल्लेख्य छलाङ भनेको थियो। यो खर्च बजेट कति हो भने उक्त रकमलाई एक एक डलर गड्डी (चाङ) बनाएर ठड्याइयो भने चन्द्रमासम्म पुग्न सक्तछ। इरानसँग युद्धमा अल्झेपछि चालु आ.ब.मा अमेरिकाले रक्षा लगानी ९ अर्ब डलर छुट्याएकोमा अगाडि आ.ब.को लागि १५ अर्ब डलर छुट्याउने घोषणा गरेको छ।

साम्राज्यवादीहरूले उक्त रक्षामा गरिने खर्च नयाँ श्रोतबाट आउने होइन। ती देशहरूले विश्वको सामाजिक तथा वातावरण सुधारमा गरिने खर्च बजेटबाट रकमान्तर गरिने हो। यसबाट विश्वले निम्न दुई अवस्था बेहोर्नु पर्नेछ :

क) पश्चिमा साम्राज्यवादीहरूले रक्षा खर्चमा त्यति ठुलो लगानी गर्दा उनीहरूबाट सहयोग गरिने विश्वकै सामाजिक तथा वातावरणीय खर्चमा कटौती हुन गई विश्वले नै गंभीर नकरात्मक असर भोग्नु पर्नेछ।

ख) साम्राज्यवादीहरूको रक्षा खर्चमा वृद्दि भएपछि अन्य आणविक शक्ति मुलुकहरूले पनि रक्षामा लगानी अनिवार्य बढाउने छन्।

यसबाट (क) तेस्रो विश्व युद्धको खतरा बढ्नेछ। (ख) विश्वमै उत्पादन, पर्यावरण र सामाजिक सुरक्षामा लगानी कटौती हुने हुँदा भोकमरी, प्रदुषण र वेरोजगारी भयावह हुनेछ। अहिले पनि इरानको हर्मुज जलडमरुमा रोक लगाएपछि दक्षिण एशियामा तेल संकट उत्पन्न भएको छ र त्यसको मुल्य वृढि बढ्न गई जीवन कष्टप्रद भएको छ।

### नेपालमा पर्न सक्ने असरहरू

अमेरिकी साम्राज्यवादी नीतिद्वारा संसारमा पर्न गएको असरबारे हामीले माथि चर्चा गर्‍यौं। त्यसबाट नेपालमा पर्न सक्ने असरबारे पनि चर्चा गरिनु आवश्यक छ। नेपाल पहिलेदेखि भारतीय विस्तारवादी शक्तिको अर्धऔपनिवेशिक रही आएकोमा सन् १९८५ देखि अमेरिकी साम्राज्यवादको नवऔपनिवेशिक नीतिअर्न्तगत संरचनात्मक समायोजन (स्ट्रक्चरल एड्जस्टमेन्ट प्रोग्राम) का नाममा नवऔपनिवेशिक चेपुवामा पर्दै आएको थियो।

अब उसलाई अमेरिकाको इण्डोप्यासिफिक रणनीतिभित्र समावेस गरिएको छ। तसर्थ अमेरिकाको दवावमा नेपालको संसदले एमसिसि पारित गरेको अवस्था छ। बालेनको नयाँ सरकारले पनि एमसिसिलाई स्वीकार गर्ने भनाइ सार्वजनिक भएको छ। अब रह्यो एसपीपीको विषय। नेपालको सेना प्रमुखले अमेरिकी एसपीपीमा हस्ताक्षर गरिसकेको अवस्था छ र अहिले पनि नेपाली सेनाले यसलाई स्वीकार गर्नु पर्ने भनाइ सार्वजनिक भएको छ। शेरबहादुर देउवा प्रधानमन्त्री हुँदा उनले एसपीपीलाई स्वीकार गरेनन भने हालको प्रधानमन्त्री बालेनले पनि स्वीकार नगर्ने भनाइ बाहिर आएको छ। 'भन्ने एउटा गर्ने अर्को' नहोस्। यदि त्यसो गरियो भने नेपालमा अमेरिकी सेनाले चीनको विरुद्ध परेड खेल्नेछ। त्यो अवस्थामा चीन पनि प्रतिकारमा उत्रनेछ। अनि नेपालको एक चीन नीतिले हावा खानेछ र नेपाल आवश्यक रूपले चीन र अमेरिका बीचको युद्धमा फस्नेछ। यो गंभीर अवस्थाको अहिले हामी अन्दाज मात्र गर्न सक्छौं।

### नेपालका जनजातिमा पर्ने असरबारे

आदिवासी जनजातिहरू भनेका जल, जमिन र जंगलमा आश्रित मानव समुदायहरू हुन्। यिनीहरू राज्यबाट वर्गीय तथा जातीय शोषण उत्पीडनमा परेका अधिकांश गुजरामुखी कृषि पेशामा आश्रित ग्रामीण परिवेशका छन्। काठमाडौं उपत्यकाका नेवाः जनजातिबाहेक पहाड र तराईमा बस्ने आदिवासीहरूको ग्रामीण जीवन शैली रहेको छ र अतिरिक्त आम्दानी कमै हुने हुँदा अतिरिक्त बचत पनि कम हुन गई लामो युद्धमा जीवन धान्न गाह्रो हुनेछ।

उनीहरूको अतिरिक्त आम्दानीको स्रोत भनेको मुख्यतः वैदेशिक रोजगार र घरमा सानुतिनु कृषि व्यापार रहेको देखिन्छ। यस अवस्थाका जनजातिहरू अमेरिका र चीन बीचको द्वन्दमा फस्नु पर्नेछ। के अनुमान गर्न सकिन्छ भने यो द्वन्द काठमाडौं उपत्यका र पहाडी तथा हिमाली क्षेत्रमा बढी केन्द्रित रहनेछ र त्यस क्षेत्रका आदिवासी जनजातिहरू यो द्वन्दका बढी शिकार हुनेछन्।

### पुच्छ्रे भनाइ

साम्राज्यवादकै कारण युद्धहरू भएका छन्। अहिले अमेरिकी साम्राज्यवादले इरानमाथि युद्ध थोपरेको छ। त्यसको असर हाम्रो देशमा पर्नु स्वभाविकै हो। त्यो युद्धको कारण दक्षिण एशियामा तेल ग्यासको मुल्य बढेको छ र नेपालमा पनि तेल ग्यासको मुल्य बढेको कारणले महंगी बढेको छ। यो युद्धले खाडी मुलुकमा श्रम गर्न गएका लाखौं युवाहरूलाई बेरोजगार बनाउने संभावना छ। अर्को, साम्राज्यवादको दलाली गर्ने सरकार भएकोले एसपीपीलाई अर्को तरिकाले स्वीकार गर्ने संभावना छ।

यो अवस्थामा अमेरिका र चीन बीचको द्वन्दमा नेपाल फस्न सक्नेछ। त्यसको असर आदिवासी जनजातिमा समेत पर्नेछ। यो अवस्थामा हामीले एक, इरानको (र प्यालिस्टिनी) राष्ट्रिय स्वाधीनताको रक्षाको पक्षमा आवाज उठाउनु पर्दछ र त्यहाँको न्यायपूर्ण आन्दोलनलाई समर्थन गर्नुपर्छ। दुई, नेपालको स्वाधीनता र स्वाभिमानमाथि आक्रमण, अतिक्रमण गर्ने कुनै पनि शक्तिको विरुद्ध दृढतापूर्वक उभिनु पर्दछ। नेपालको स्वाधीनताको पक्षमा उभिने सबै शक्ति, संगठन र व्यक्तित्वसँग हामीले हातेमालो गर्नु पर्दछ। *(आदिवासी जनजाति सन्देशबाट)*

# बीपी स्मृति दिवस : संस्थापन र इतर समूहका बेग्लाबेग्लै कार्यक्रम

**काठमाडौं।** नेपालका प्रथम जननिर्वाचित प्रधानमन्त्री एवं नेपाली कांग्रेसका संस्थापक नेता विश्वेश्वरप्रसाद कोइरालाको स्मृति दिवस देशभर विभिन्न कार्यक्रम गरी मनाइँदैछ। नेपाली राजनीतिकमा प्रजातान्त्रिक समाजवादका प्रणेताका रूपमा चिनिने कोइरालाको २०३९ साउन ६ गते निधन भएको थियो।

स्मृति दिवसका अवसरमा नेपालको राजनीतिक परिवर्तन र नेपाली साहित्यको श्रीवृद्धिमा कोइरालाले पुर्‍याएको अतुलनीय योगदानको स्मरण गर्दै नेपाली कांग्रेस र त्यसका भातृ संस्थाहरूले देशभर श्रद्धाञ्जली सभा, विचार गोष्ठी तथा अन्य रचनात्मक कार्यक्रमहरूको आयोजना गरेका छन्। नेपाली कांग्रेसले २०१५ को आमनिर्वाचनमा दुई तिहाइ बहुमत प्राप्त गरेपछि कोइराला नेपालको पहिलो जननिर्वाचित प्रधानमन्त्री बनेका थिए। उनले आफ्नो कार्यकालमा बिर्ता उन्मूलन र 'जमिन जोत्नेको' भन्ने क्रान्तिकारी भूमिसुधार कार्यक्रम कार्यान्वयनमा ल्याएका थिए। नेपाली राजनीतिमा बीपीको मेलमिलापको नीति विपरीत कांग्रेस नेताह दुई चिरा भएर संस्थापक बीपी कोइरालाको स्मरण गर्नुलाई कांग्रेसको दुर्भाग्य नै मान्नु पर्दछ। संस्थापन र इतर समूहले बुधबार बीपी स्मृति दिवस केन्द्रदेखि निर्वाचन क्षेत्रसम्म छुट्टाछुट्टै मनाउँदै छन्। कांग्रेसले एक पत्रकार सम्मेलन गर्दै उपसभापति एवं प्रतिष्ठानका प्रमुख विश्वप्रकाश शर्माले 'जलवायु जनचेतना जगाउन जुटौं' नाराका साथ पाँच किमी दौड आयोजना गर्न लागेको जानकारी दिए। 'दौड लगत्तै जावलाखेल चोक, फाल्चामा 'जलवायु परिवर्तनको चुनौती : निराकरण कसरी' शीर्षकमा विज्ञहरूसहितको समूहगत छलफल हुनेछ' उपसभापति शर्माले भने 'समूहगत छलफल चलिरहँदा, सोही स्थलमा जलवायु परिवर्तनका चुनौती र सम्भावना झल्काउने चित्रहरू सुपरिचित चित्रकारहरूद्वारा पेन्टिङ गरिनेछन्।

साउन ७ गते भने कांग्रेसले 'ग्रीन रन' मा सहभागी हुनेको संख्याको आधारमा प्रतिव्यक्ति निश्चित रकम आफ्नो कोषबाट रकम जम्मा गरेर एक 'मानवीय सहयोग कोष' खडा. गर्ने जनाएको छ। उनले उक्त कोषको रकम पछिल्लो समय विस्थापित गरिएका सुकुम्वासी परिवारका वृद्ध र बालबालिकाको हितमा खर्च गरिने जानकारी दिए। संस्थापन पक्षले बीपी स्मृति दिवसको दिन 'ग्रिन रन' प्रतियोगिता, ग्रिन रन टेबुल र जलवायु संकट झल्काउने लाइभ पेन्टिङ कार्यक्रम आयोजनाका साथै जरा अभियान समापन कार्यक्रम आयोजना गरेको छ। इतर पक्षले भने प्रज्ञा भवनमा अन्तरक्रिया कार्यक्रम आयोजना गरेको छ। कार्यक्रमबाट राष्ट्रिय भेलाको मिति तय गर्ने तयारी इतर पक्षको रहेको छ।

कांग्रेसले हरेक वर्ष साउन ६ गते बीपी स्मृति दिवस मनाउँदै आएको छ। बीपी स्मृति दिवसका अवसरमा दुवै पक्षले कार्यक्रमलाई शक्ति प्रदर्शनका रूपमा लिएका छन्। इतर पक्षले आयोजना गर्ने कार्यक्रममा नेता डा. शेखर कोइराला पनि सहभागी हुने भएका छन्। उक्त कार्यक्रममा निवर्तमान कार्यवाहक सभापति पूर्णबहादुर खड्का, नेता कोइरालागायतले सम्बोधन गर्ने तयारी रहेको छ। उता, कांग्रेसका सभापति गगन कुमार थापाले ग्रिन रन कार्यक्रममा सहभागी हुन सामाजिक सञ्जालबाटै आह्वान गरेका छन्। कांग्रेस संस्थापन पक्षले कार्यक्रमलाई भव्य बनाउन युएन पार्कदेखि जावलाखेलसम्म ग्रिन रन कार्यक्रम आयोजना गर्ने भएको छ। कांग्रेसका दुवै पक्षले कोइरालाको ४४औं स्मृति दिवस आ-आफ्नो तर्फबाट भव्य बनाउने तयारीमा लागेका छन्। नेपाली कांग्रेसले जननायक बीपी कोइरालाको स्मृति दिवसका अवसरमा साउन ६ र ७ गते विभिन्न कार्यक्रमहरू आयोजना गर्दैछन्।

बीपी स्मृति दिवसका अवसरमा कांग्रेस केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानले जलवायु जनचेतना जगाउन बुधबार बिहान काठमाडौं उपत्यकामा ग्रिन रन आयोजना गर्ने भएको हो।

# बजेटको प्रभावकारी कार्यान्वयन गर्न अर्थमन्त्रीको निर्देशन

**काठमाडौं।** अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले आर्थिक वर्ष २०८३/८४ को बजेट कार्यान्वयनका लागि समयबद्ध काम गर्न सम्बन्धित पदाधिकारी र सचिवहरूलाई निर्देशन दिएका छन्। अर्थमन्त्री वाग्लेका सचिवालयका अनुसार अर्थ मन्त्रालयमा सोमबार प्रभावकारी रूपमा बजेट कार्यान्वयन गर्ने विभिन्न मन्त्रालयका सहभागी सचिवलाई बैठकमा सो निर्देशन दिएका हुन्।

बैठकमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. गुणाकर भट्ट र अर्थ सचिव घनश्याम उपाध्यायसहित पूर्वाधार विकास, उद्योग वाणिज्य, कृषि, स्वास्थ्य, शिक्षा, परराष्ट्र, संस्कृति पर्यटन तथा नागरिक उड्डयन, श्रम, महिला बालबालिका, गृह, एवं रक्षा मन्त्रालयका सचिवको सहभागिता थियो। साउन १ गतेदेखि नयाँ आर्थिक सुरू भएपछि बजेटको कार्यान्वयनमा अर्थ मन्त्रालयले अग्रसरता लिएको हो। अर्थ मन्त्रालयले चालु आर्थिक वर्ष २०८३/८४ को बजेट प्रभावकारी रूपमा कार्यान्वयन गर्न सबै मन्त्रालय, विभाग, आयोग, प्रदेश तथा स्थानीय तहका सम्बन्धित निकायलाई विस्तृत मार्गदर्शन जारी गर्दै आवश्यक कार्यविधि, निर्देशिका, मापदण्ड, दिग्दर्शन वा मार्गदर्शन साउन मसान्तभित्र तयार गरिसक्न भनेको छ।

## शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल टेकुबाट प्रदान गरिने स्वास्थ्य उपचार सेवाहरू

- झाडापखला, आउँ, मासी, हैजको उपचार सेवा
- धनुष्टंकार, कालाजार, मलेरिया दमको उपचार सेवा
- ज्वरो टाइफाइडको उपचार सेवा जण्डिस, मेनेन्जाइटिसको उपचार सेवा
- सर्पदंश उपचार सेवाा
- कुकुर, विरालो तथा अन्य जंगली जनावरले टोकेको भ्याक्सिन सेवा
- प्रत्येक हप्ताको आइतबार दिनको ११:०० बजे गाइनो सम्बन्धी उपचार सेवा
- एड्स संक्रमितहरूलाई ए.आर.टी. उपचार सेवा लगायत विभिन्न किसिमका सरुवा रोगहरूको उपचार यस अस्पतालबाट हुने भएकाले फाइदा लिनुहुन अनुरोध छ ।

**यहाँ सि.टी.स्केनको पनि सेवा सुविधा छ ।**

नेपाल सरकार

**स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय**

**शुक्रराज ट्रफिकल तथा सरुवा रोग अस्पताल**

टेकू, काठमाडौं

---

भूकम्पलगायत बहुप्राकृतिक प्रकोपबाट हुन सक्ने जनधनको क्षतिको न्यूनीकरण गर्न दक्ष प्राविधिकको सहयोग लिई भवनको नक्सा/डिजाइन तयार पारौं । भवन निर्माण गर्दा राष्ट्रिय भवनसंहिता, २०६० को पालना गरी भूकम्प प्रतिरोधी भवन निर्माण गरौं । निर्माण कार्यमा दक्ष प्राविधिक, तालिम प्राप्त कालिगढ तथा गुणस्तरीय निर्माण सामग्रीको प्रयोग गरौं । सुरक्षित रहने संस्कृतिको विकास गरौं ।

नेपाल सरकार

पूर्वाधार विकास मन्त्रालय

**संघीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालय**

सानो गौचरण, काठमाडौं

---

सडक हामी सवैको साझा सम्पत्ति हो। सडक निर्माणमा तपाईं-हाम्रो ठूलो धनराशि खर्च भएको हुन्छ । त्यसैले सडकको संरक्षण एवं सम्वर्द्धन गर्नु हामी सवैको दायित्व हो । निर्माण भइसकेको सडकका विभिन्न खण्डमा अनधिकृत रूपमा सडक सीमा अतिक्रमण गरी घर-टहरा निर्माण गर्ने, होर्डिङ बोर्ड राख्ने, सडकमा निर्माण सामग्री थुपार्ने, सवारी साधन धुने-पखाल्ने, पार्किङ गर्ने, सडकको नाला पुरी बाटो बनाउने तथा नालीमा ढल मिसाउने एवं फोहोरमैला फाल्नेजस्ता कार्यले वातावरणमा समेत प्रतिकूल असर पर्न जाने हुनाले उपरोक्त कुनै पनि क्रियाकलाप नगर्नु-नगराउनुहुन सम्बन्धित सवैसँग यो डिभिजन कार्यालय हार्दिक अनुरोध गर्दछ ।

नेपाल सरकार

पूर्वाधार विकास मन्त्रालय

**सडक डिभिजन**

मीनभवन, काठमाडौं

---

सडक हामी सवैको साझा सम्पत्ति हो। सडक निर्माणमा तपाईं-हाम्रो ठूलो धनराशि खर्च भएको हुन्छ । त्यसैले सडकको संरक्षण एवं सम्वर्द्धन गर्नु हामी सवैको दायित्व हो । निर्माण भइसकेको सडकका विभिन्न खण्डमा अनधिकृत रूपमा सडक सीमा अतिक्रमण गरी घर-टहरा निर्माण गर्ने, होर्डिङ बोर्ड राख्ने, सडकमा निर्माण सामग्री थुपार्ने, सवारी साधन धुने-पखाल्ने, पार्किङ गर्ने, सडकको नाला पुरी बाटो बनाउने तथा नालीमा ढल मिसाउने एवं फोहोरमैला फाल्नेजस्ता कार्यले वातावरणमा समेत प्रतिकूल असर पर्न जाने हुनाले उपरोक्त कुनै पनि क्रियाकलाप नगर्नु-नगराउनुहुन सम्बन्धित सवैसँग यो डिभिजन कार्यालय हार्दिक अनुरोध गर्दछ ।

नेपाल सरकार

पूर्वाधार विकास मन्त्रालय

**सडक डिभिजन**

भक्तपुर, नेपाल

## भारतमा कक्रोच...

गरिएको आह्वानअनुरूप भर्खरै मात्र 'कक्रोच जनता पार्टी' गठन गरिएको प्रचार गर्दै र सोही ब्यानरमा यो 'आन्दोलन' सुरू भएको हो । प्रदर्शनकारीहरूले प्रधानन्यायाधीशको उक्त टिप्पणीलाई व्यङ्ग्यात्मक रूपमा आत्मसात् गर्दै मुख्यतः सामाजिक सञ्जालमा नै निर्भर 'आन्दोलन' व्यापक पारेका हुन् ।

पटकपटक प्रश्नपत्र लिक भएको आरोपपछि बढेको असन्तुष्टिले 'आन्दोलन' लाई थप बल दिएको हो । यसैको विरोधमा अनशनरत 'अभियन्ता' सोनम वाङ्चुकको स्थास्थ्यस्थिति नाजुक भएपछि उनलाई गत शनिबार प्रहरीले अस्पताल लगेको घटनापछि 'आन्दोलन' ले अझ व्यापक समर्थन पाएको छ । प्रदर्शनकारीहरूले एक महिना अघिदेखि नै जन्तरमन्तरमा स-साना धर्ना दिँदै आएका छन् । उनीहरूले शिक्षामन्त्रीको राजीनामा, परीक्षा प्रणालीमा सुधार तथा प्रश्नपत्र चुहिएपछि आत्महत्या गरेका विद्यार्थीका परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउन माग गरेका छन् ।

सतहमा देखिएका ती मागहरूको यथासिघ्र सम्बोधन हुनुपर्ने कुरामा सवैको सहमति भए पनि त्यसको आवरणमा भड्काउन खोजिएको अराजकता र विध्वंसप्रति भने धेरैको विमति रहेको भारतीय सञ्चार माध्यम र बुद्धिजीवीहरूको ठहर छ ।

सरकारले शिक्षा प्रणालीको सुधारका लागि ठोस प्रतिबद्धता जनाए वा प्रदर्शनकारीलाई संसदसम्म पुग्न दिएर सांसदहरूले यी मुद्दा संसदमा उठाउने सुनिश्चित गरेमा मात्र करिब तीन सातादेखिको आ□नो अनशन अन्त्य गर्ने वाङ्चुकले बताएका छन् । संसदको मनसुन अधिवेशन सुरू भएकाले सुरक्षास्थितिप्रति गम्भीर भएर 'मार्च' को अनुमति नदिइएको दिल्ली प्रहरीले जनाएको छ । प्रधानमन्त्री मोदी नेतृत्वको सरकारका लागि भने यो 'आन्दोलन' सार्वजनिक रूपमा देखापरेको सवैभन्दा ठूलो चुनौती बन्न पुगेको छ । विपक्षी दल, नागरिक अधिकारकर्मी तथा केही बलिउड कलाकारहरूले समेत 'आन्दोलन' प्रति समर्थन जनाएका छन् ।

सरकारका वरिष्ठ मन्त्रीहरूले भने 'आन्दोलन' प्रति कडा. रवैया अपनाइएको सङ्केत गर्ने धारणाहरू व्यक्त गर्दै आएका छन् । शिक्षामन्त्री प्रधानले 'राष्ट्रविरोधी गतिविधिमा संलग्न भएको' आरोप प्रदर्शनकारीमाथि लगाएका छन् । अन्य केही मन्त्रीहरूले विद्यार्थीहरूको चिन्ता जायज भए पनि आन्दोलनसँग वार्ताको आवश्यकता नरहेको बताएका छन् । प्रदर्शनमा सहभागी योगप्रशिक्षक ज्योति राजपूतले शिक्षा प्रणालीमा सुधारका लागि आफूहरू आन्दोलनमा सहभागी भएको बताउँदै विद्यार्थीहरूको पीडाप्रति सरकार संवेदनशील नभएको आरोप लगाएका छन् ।

सोमबार नयाँल्लिीको केन्द्रमा भीड लागेका हजारौं प्रदर्शनकारीलाई संसदतर्फ 'मार्च' गर्नबाट रोक्न भारतीय प्रहरीले अश्रुग्यास प्रहार गरेको छ । प्रदर्शनकारीहरूले शिक्षामन्त्रीको राजीनामा र परीक्षा प्रणालीमा व्यापक सुधार गर्न माग गरिरहेका छन् । धेरैजसो युवा-विद्यार्थी समाविष्ट प्रदर्शनकारीहरू नयाँ दिल्लीको मुटुमा अवस्थित जन्तरमन्तरस्थित प्रदर्शनस्थलमा भेला भए । अनलाइन माध्यममार्फत प्रेरित यस 'आन्दोलन' ले विद्यमान शिक्षा प्रणाली र व्याप्त चरम बेरोजगारीप्रतिको व्यापक असन्तुष्टिलाई समेटेको प्रदर्शनकारी समूहको दावी छ । प्रहरीले प्रदर्शनकारीहरूमाथि अश्रुग्यासका गोला प्रहार गर्दा उक्त क्षेत्रमा कोलाहल मच्चियो भने प्रदर्शनकारीहरूले पनि व्यापक रूपमा ढुंगामुढा प्रहार गरे ।

भारतीय राजधानीको यस द्वन्द्वमा दर्जनौं प्रदर्शनकारी र प्रहरी कर्मचारी घाइते भएको प्रत्यक्षदर्शीहरूले बताएका छन् । तनाव बढ्दै गएपछि दिल्ली प्रहरीले संयम अपनाउन र 'कुनै गैरकानुनी वा हिंसात्मक गतिविधिमा संलग्न नहुन' प्रदर्शनकारीहरूलाई आग्रह गर्दै विज्ञप्ति जारी गरेको छ । लगातारको मनसुनी वर्षा र व्यापक प्रहरी अवरोधलाई चुनौती दिँदै प्रदर्शनकारीहरूले राजधानीमा करिब पाँच वर्षयताकै सबैभन्दा ठूलो प्रदर्शन गरे । 'हाम्रो देशलाई यस्तो सरकार चाहिन्छ, जसले युवाहरूले भनेको कुरामा ध्यान दिन्छ र आफ्ना गल्ती सुधार्न तयार हुन्छ,' आन्दोलनकारी विद्यार्थी १८ वर्षीय सुमितकुमारले भने- 'भविष्य हाम्रो हो, यी राजनीतिज्ञहरूको होइन ।'

प्रदर्शनका क्रममा नयाँ दिल्लीको केन्द्रीय भागमा इन्टरनेट सेवा काटिएको थियो । शनिबार सोनम वाङ्चुकलाई जबरजस्ती अस्पताल लगिएपछि यो प्रदर्शन एकाएक भड्किएको हो । 'कक्रोच जनता पार्टी (सीजेपी)' ले सुरू गरेको 'आन्दोलन' को समर्थनमा वाङ्चुकले गरिरहेको २० दिन लामो अनसनमा प्रहरीले अचानक हस्तक्षेप गरेको थियो । सीजेपीले मेदेखि सामाजिक सञ्जालमा लाखौं □लोअरहरू जुटाएको छ; र, यो अवस्था सन् २०२४ मा तेस्रो पटक निर्वाचित प्रधानमन्त्री नरेन्द्र मोदीका लागि हालसम्मकै सवभन्दाठूलो चुनौती बन्न गएको देखिँदै छ ।

## ४४औं बीपी...

नेताहरूले संवाद सहमति र एकताका साथ पार्टीका सबै पक्षलाई मिलाएर कांग्रेसलाई एक ढिक्का बनाउन पार्टी सभापति गगनकुमार थापा बढी जिम्मेवार हुनुपर्नेमा जोड दिए । संस्थापन इतर पक्षका नेताहरूले यही साउन २९ गते काठमाडौंमा राष्ट्रिय भेला आयोजना गर्ने समेत बताए । कार्यक्रममा पार्टीका पूर्व उपसभापति तथा भेलाका संयोजक प्रकाशमान सिंहले नियमित महाधिवेशन र विशेष महाधिवेशन दुवै पक्षलाई समेटेर स्वच्छ खालको महाधिवेशन हुनुपर्ने बताए । 'कांग्रेसभित्र गुटउपगुट भए पनि महाधिवेशन स्वच्छ र निष्पक्ष हुनुपर्ने हुन्छ । दुवैपक्षलाई समेटेर महाधिवेशन गराउन जरुरी छ' उनको भनाइ थियो ।

पार्टीको सदस्यताको लागि अद्यावधिक गराउन जरुरी नरहेको स्पष्ट पारेका उनले यही साउन २९ गते काठमाडौंमा राष्ट्रिय भेला हुने जानकारी दिँदै भने 'यस अगाडि पनि भेला भएको नै हो । अब पनि भेला गरेर व्यवस्थित गर्नेछौं ।' पार्टीका निवर्तमान कार्यवाहक सभापति पूर्णबहादुर खड्काले जननायक विपी कोइरालाले जुनसुकै समस्याको समाधानलाई संवाद, सहमति र एकताको माध्यमबाट नै निष्कर्ष निकाल्ने गरेको स्मरण गर्दै उनले एकताको बलमा नै इतिहासको कालखण्डमा सफलता हात पारेको बताए । 'विपी कोइरालाको नीति र विचारलाई कांग्रेसले कुनै पनि हालतमा छोड्न सक्दैन' उनले भने ।

उनले विपी कोइरालाले कांग्रेसभित्रको सम्पूर्ण एकता गर्न जरुरी रहेको बताए । 'विपी कोइराला २०३३ सालमा राष्ट्रिय र मेलमिलापको नीति लिएर आउनुभन्दा अगाडी नेपालको राष्ट्रियता निकै कमजोर अनुभूति गरेर स्वदेश आउनुभएको थियो' उनको भनाइ थियो । उनले कांग्रेसभित्रै संवाद, मेलमिलाप र सम्पूर्ण एकताबद्ध भएर अघि बढ्न आवश्यक रहेकातर्फ औंल्याएका थिए । यस्तै, वरिष्ठ नेता डा. शेखर कोइरालाले विपीले अघि सारेको राष्ट्रिय एकता र मेलमिलापको नीतिलाई सबैले अङ्गीकार गर्न जरुरी रहेको उल्लेख गर्दै अहिले मुलुकका अन्य शक्तिहरूसँग राष्ट्रिता र लोकतन्त्र बचाउनको लागि एकताबद्ध भएर अघि बढ्नुपर्ने बताए । उनले विपी स्मृति दिवस पार्टी कार्यालय सानेपामा मनाउनुपर्नेमा नेपाल प्रज्ञा प्रतिष्ठानमा मनाउनुपर्ने बाध्यता रहेको उल्लेख गरे ।

कांग्रेसका नेता कोइरालाले पार्टी फुटे त्यसको जिम्मेवारी सभापति गगन थापाले लिनुपर्ने चेतावनी दिएका छन् । सभापतिले एकताका लागि पहल नगरेको टिप्पणी गर्दै कोइरालाले बुधबार इतरपक्षले आयोजना गरेको कार्यक्रममा त्यस्तो धारणा राखेका हुन् । 'धेरै समय गुज्रिसकेको छ, कथमकदाचित सभापतिजीले छिट्टै पहल गर्नुभएन र दुर्भाग्यपूर्ण अवस्था आयो भने त्यसको सम्पूर्ण जिम्मेवारी सभापतिले लिनुपर्छ' कोइरालाले भनेका छन् । उनले सभापति व्यक्तिवादी भएको र अरूको इसारामा चलेको आरोप लगाउँदै थप गरे 'सभापतिजी विपीको विचारलाई सम्झनुस्, व्यक्तिवादी चरित्र छोड्नुस्, स्वार्थीपन छोड्नुस् र कसैको इसारामा नहिँड्नुस् ।' कांग्रेसका पूर्वउपभापति विमलेन्द्र निधिले मुलुकको सार्वभौमसत्तामाथि खतरा देखिएको तत्कालीन अवस्थामा विपीले राष्ट्रिय मेलमिलापको नीति लिएर ठूलो जोखिमका साथ राष्ट्रिय शक्तिको एकता औंल्याएको स्मरण गरे । उनले विपीका आदर्श र विचारबाट आफू निकै प्रभावित रहेको र आफनो राजनीतिको प्रेरणाको प्रमुख स्रोत नै विपी भएको उल्लेख गर्दै उनका विचार र आदर्शप्रति सदैव प्रतिबद्ध रहेको बताए ।

विपी कोइरालाको मेलमिलाप र राष्ट्रिय सहिष्णुताको नीतिलाई अक्षरशः पालना गर्दै अघि बढ्नुपर्ने बताउँदै पूर्वमहामन्त्री शशांक कोइरालाले भने 'विपी कोइरालाको त्याग र तपस्यालाई हामी कसैले पनि अवमुल्यन गर्नुहुँदैन' उनको भनाइ थियो 'विपीको सिद्धान्त र विचारलाई सधैँ जीवन्त राख्नेछौं र कहिल्यै पनि मर्न दिने छैनौं ।' पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौला आफूहरूले पार्टीमा एकता कायम गरेर कांग्रेसलाई बलियो बनाउन चाहेको भन्दै मुलुकका समसामयिक राजनीतिक समस्या समाधान र राष्ट्रिय तथा लोकतन्त्रको सुदृढीकरणका लागि कांग्रेस एक ढिक्का हुनु आवश्यक रहेकामा जोड दिए ।

कार्यक्रममा नेताहरू विजयकुमार गच्छदार, डा. प्रकाशशरण महत, एनपी साउँद, शङ्कर भण्डारी, बिरबहादुर बलायर, मोहनबहादुर बस्नेत, उमाकान्त चौधरी, गोविन्द भट्टराई, मीनबहादुर विश्वकर्मा, अम्बिका बस्नेत, जितजङ्ग बस्नेत, केदार कार्की, कान्छाराज तामाङ, नागेश कोइराला, गुरु बराल, शिव हुँमागाई, निलकाजी शाक्य, कुन्दन काफ्ले, गणेश तिमिल्सिना, उषा राउत, सिर्जना मल्ल, हरिशरण नेपाली, दिल लामा, सुशान्त बस्नेतलगायतले प्रजातन्त्रका लागि विपीले गरेको संघर्ष र योगदानका बारेमा चर्चा गर्दै उनको मेलमिलापको नीतिलाई आत्मसात गर्दै पार्टी एकताका लागि सबै एकजुट हुनुपर्नेमा जोड दिएका थिए ।

## रहेनन् नागरिक...

तथा अभियन्ताहरू आर्यघाट पुगेका थिए । मुलुकको लोकतान्त्रीकरण र रूपान्तरण प्रक्रियामा पाण्डेको योगदान अतुलनीय रहेको नेकपाका नेता श्रेष्ठले बताए ।

पूर्वप्रधानमन्त्री तथा नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' ले नागरिक अगुवा तथा पूर्वमन्त्री डा. पाण्डेको निधनप्रति दुःख व्यक्त गरेका छन् । 'नेपालमा शान्ति प्रक्रिया र लोकतान्त्रिक गणतन्त्रको स्थापनासहित नागरिक स्वतन्त्रता, सुशासन र जनअधिकारका पक्षमा उनले पुऱ्याउनुभएको योगदान नेपाली इतिहासमा सदैव सम्मानपूर्वक स्मरणीय रहनेछ'- उनले भनेका छन् । शोकसन्तप्त परिवारजन, आफन्त तथा उनीप्रति सम्मान र स्नेह राख्ने सम्पूर्णमा समेत संयोजक प्रचण्डले हार्दिक समवेदना व्यक्त गरेका छन् ।

यस्तै, नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले नागरिक अगुवा डा. पाण्डेप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गरेका छन् । नागरिक स्वतन्त्रता, समानता, मानवअधिकार र लोकतान्त्रिक चेतनाका पक्षमा जीवनभर निर्भिकतापूर्वक उभिनुभएका नागरिक अगुवा डा. पाण्डेको निधनबाट राष्ट्रले एक प्रखर बौद्धिक व्यक्तित्व, नैतिक नेतृत्व र लोकतन्त्रको सजग पहरेदार गुमाएको सामाजिक सञ्जालमार्फत थापाले बताएका छन् ।

# 'तीन पुस्तालाई सम्मानि गरेर अघि बढ्नुपर्छ'

**भरतपुर** । नेपाली कांग्रेसका संसदीय दलका नेता भीष्मराज आङ्देम्बेले कांग्रेसले तीनै तहका पुस्तालाई सम्मान गरेर अघि बढ्न सक्नुपर्ने बताएका छन् ।

कांग्रेस चितवनले ४४ औं विपी स्मृति दिवसका अवसरमा बुधबार चितवनमा आयोजना गरेको 'लोकतन्त्रका चुनौती र हाम्रो जिम्मेवारी' विषयक विचार गोष्ठी तथा जरा अभियान २०८३ को समापन कार्यक्रममा उनले लोकतन्त्रको रक्षाका लागि कांग्रेसले अग्रज, समकालीन र जेन-जी पुस्तालाई सम्मान गरेर अघि बढ्नुपर्ने बताएका हुन् ।

'अहिलेको नेतृत्वले तीन पुस्ताको सम्मान गरेर लोकतन्त्रको रक्षाका लागि लड्ने समय आएको छ' उनको भनाइ थियो । उनले विपी विचारलाई सम्मान गर्दै विपीका मार्गअनुसार अघि बढ्दै जनताको भावनाअनुसार काम गर्न आवश्यक रहेको बताए । लोकतन्त्रको दीपलाई सबैले जोगाउनुपर्ने भन्दै उनले कांग्रेस हुनुको पहिचना गुमेको जस्तो पाटोबाट उठाएर कांग्रेसले पुर्नजीवन दिन जरुरी रहेको बताए । कार्यक्रममा नेपाली कांग्रेस बागमती प्रदेशका सभापति एवं बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बाँनिया, नेपाली कांग्रेसका नेता डा. केदारनरसिंह केसी, राष्ट्रियसभा सदस्य गीता देवकोटालगायतले बिपीको विचार अनुसरण गर्न पछि पर्दा कांग्रेसमा अहिलेको अवस्था आएको बताए ।

**बालबालिकालाई डिजिटल जोखिमबाट सुरक्षित गरौं !**

- बालबालिकालाई सुरक्षित र जिम्मेवार डिजिटल प्रयोगबारे सचेत गराऔं,
- व्यक्तिगत विवरण, पासवर्ड र गोप्य जानकारी सुरक्षित राख्न सिकाऔं,
- अपरिचित व्यक्तिसँग अनलाइन सम्पर्क गर्दा सावधानी अपनाऔं,
- शंकास्पद लिङ्क, सन्देश र सामग्रीबाट टाढा रहन प्रेरित गरौं,
- इन्टरनेट प्रयोगमा अभिभावकीय निगरानी र संवाद बढाऔं,
- सामाजिक सञ्जालको सकारात्मक र मर्यादित प्रयोग गरौं,
- अनलाइन दुर्व्यवहार भए/गरेको पाइएमा नजिकको प्रहरी कार्यालयमा खबर गरौं ।

प्रविधिको सही प्रयोगमार्फत
बालबालिकाको सुरक्षित भविष्य निर्माण गरौं !

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशकः कोसेली मिडिया सपोर्ट प्रा.लि. सम्पादक : सानु राय (गौतम) [९८४९६००२०९] बजार व्यवस्थापक : माधवप्रसाद न्यौपाने [९८४६५२८५०२]
कार्यालय : जोरपाटी, काठमाडौं फोन : ९८४७३९५३८६ इमेल : janajibro.news@gmail.com वेबसाइट : www.janajibro.com मुद्रण : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं